

# विश्व

**उत्पीडन**

भारतको गुजरातमा विवाहका लागि घोडा चढेर जाने तयारीमा एक दलित दुलाहा। दलितले विवाहमा घोडा चढेर जान लागेकोमा आपत्ति जनाउँदै त्यहाँका अभिजात्य वर्गको एक समूहले आपत्ति जनाउँदै घोडा लगेको थियो।



**राम्रो संकेत**

ईद अवसरमा दुबैपक्षबाट युद्धविराम गरेपछि एक आपसमा अंगालो हाली सुभकामना व्यक्त गर्दै अफगान सुरक्षा बलका एक सैनिक र तालिवान कट्टरपन्थी।





विश्व २ मिनेट

## ट्युनिसिया

### अरब जगतको पहिलो

ट्युनिस, (एजेन्सी)

ट्युनिसियामा समलैंगिकता अवैध तथा पूर्ण अस्वीकार्य रहे पनि सन् २०११ पछिको स्थिति फरक भइरहेको छ। ट्युनिसियाको राजधानी ट्युनिसमा २५ वर्षपछि बांहदिद बेलहिदीले अरब जगत्को पहिलो एलजीबीटी रेडियो स्टेसन खोलेका छन्। एलजीबीटीका विषयमा खुला रुपमा आवाज उठाउने सम्भवतः उनी नै पहिलो व्यक्ति पनि हुन्। उक्त रेडियो स्टेसनमा धेरै पैसा लगानी भएको छैन। तर पूरै व्यवसायिक हो। यसमा बेलहिदीसहित अन्य ६ जना संलग्न छन्। रेडियो स्टेसन बनेपछिको ६ महिनामा नै १५ देशमा १० हजार श्रोता बनिसकेको बलहिदीले बताए।

## साउदी अरेबिया

### क्षेप्यास्त्र खसालियो

रियाद, (एजेन्सी)

साउदी अरेबियाको हवाई सुरक्षा प्रणालीले यमनबाट प्रहार गरिएको एक ब्यालेस्टिक क्षेप्यास्त्रलाई बीचैमा नष्ट गरेको छ। उक्त क्षेप्यास्त्र दक्षिणी जिजान शहरलाई निसाना बनाई प्रहार गरिएको साउदी प्रेस एजेन्सीले जनाएको छ। उक्त घटनामा एक पाकिस्तानी नागरिक घाइते भएको बताइएको छ। इरान समर्थित हुथी विद्राहीले क्षेप्यास्त्रले जिजानस्थित एक सैन्य शिविरलाई निसाना बनाइएको दाबी गरेको छ। आइतबार साउदी हवाई रक्षा सेवाले जिजानलाई निसाना बनाइ प्रहार गरिएको अर्को एक क्षेप्यास्त्रलाई नष्ट गरेको साउदी अरेबियाको सरकारी सञ्चार माध्यमले जनाएको छ।

## जापान

### ठूलो भूकम्प

टोकियो, (एजेन्सी)

जापानको ओसाकामा सोमबार आएको शक्तिशाली भूकम्पमा एकजना बालकलगायत कम्तिमा तीनजनाको ज्यान गएको तथा अन्य २ सय जनाभन्दा बढी घाइते भएको प्रहरीले जनाएको छ। भूकम्पग्रस्त क्षेत्रको विमानस्थल थुप्रै घन्टा बन्द गरिएको तथा ट्रेनसेवा तथा कारखानाहरूको उत्पादन कार्य अवरुद्ध भएका छन्। ६ दशमलव १ रेक्टर स्केलको यस भूकम्पका कारण सम्भावित सुनामीको चेतवानी दिइएको छैन भने सो क्षेत्रका आणविक भट्टीहरू सुचारु रहेका छन्। भूकम्पको खतरा क्षेत्रमा परेको जापानमा ६ रेक्टर स्केलका विश्वको २० प्रतिशत भूकम्प आउने गरेको छ।

## कोलम्बिया

### नयाँ राष्ट्रपति

बोगोटा, (एजेन्सी)

नवोदित कन्जरभेटिभ राजनीतिज्ञ इभान डुक्यु आइतबार कोलम्बियाको राष्ट्रपतिमा निर्वाचित भएका छन्। उनले राष्ट्रलाई एकताको सूत्रमा बाँड्ने बताएका छन्। उनले विभाजित चुनावी अभियानको क्रममा देखिएको गुटबन्दीलाई हटाउने प्रतिवद्धता जनाएका छन्। साथै डुक्युले आफूले सन् २०१६ मा फार्क लडाकूहरूसँग भएको ऐतिहासिक तर विवादास्पद शान्ति सम्झौतामा परिवर्तन गर्न चाहेको बताएका छन्। डुक्युले आफ्नो वामपन्थी प्रतिद्वन्द्वी गुस्ताभो पेट्रोलाई १२ प्रतिशत अंकले पराजित गरेका हुन्। उनले कूल मतको ५४ प्रतिशत मत हासिल गरेका छन्।

# मोदीलाई भेट्न हजारौं किमि हिंड्दै

नयाँदिल्ली, (एजेन्सी)



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई पुरा भइनसकेको उनको प्रतिवद्धता सम्झाउने उद्देश्यले एकजना भारतीय पुरुषले १ हजार ३ सय ५० किमि दूरी हिंडेरै तय गर्न खोजेका छन्।

हिंडाइको क्रममा अलि अस्वस्थ भएर केही समय अस्पताल भर्ना भएका पूर्वीराज्य ओडिसाका मुक्तिकान्त विस्वालले सोमबार पुन यात्रा आरम्भ गरेको भारतीय सञ्चार माध्यमले जनाएको छ। उनले ओडिसदेखि राजधानी नयाँ दिल्लीसम्म हिंड्ने योजना बनाएका हुन्। आफ्नो गन्तव्यदेखि केवल २ सय १८ किमि टाढा रहेको बेला उनी आगरामा अस्पताल भर्ना भएका थिए। उनले आफूले प्रधानमन्त्री मोदीको आफ्नो राज्यमा अस्पताल निर्माण गराइदिने वाचा सम्झाउन चाहेको बताएका छन्।

गर्मी यामको प्रचण्ड तापक्रमको वेवास्ता गर्दै उनले हातमा झण्डा लिएर १६ अप्रिलमा आफ्नो यात्रा प्रारम्भ गरेका थिए। मोदीले आफ्नो चुनाव प्रचारप्रसार अभियानको क्रममा सन् २०१५ मा ओडिसाको सामान्य अस्पताललाई दिल्लीको अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेज स्तरको अस्पतालमा परिणत गरिदिने आश्वासन दिएका थिए।

विस्वालले ओडिसाको इस्पाट जनरल हस्पिटललाई बदल्ने वाचा पूरा गराउन मोदीसमक्ष आग्रह गर्न लागेको बीबीसीलाई बताएका छन्। उनले बीबीसीलाई भनेका छन्- 'प्रधानमन्त्रीले मलाई भेट्नुहुन्छ वा हुन्न मलाई थाहा छैन। यदि उहाँले भेट्नुभएन भने मैले भोक हड्ताल गर्नेछु।'

भारतका प्रमुख विपक्षी पार्टी कंग्रेसका नेताले बिस्वालको अभियानलाई लिएर ट्विट गरिसकेका छन्। तर मोदीले भने यस विषयमा अझैसम्म कुनै पनि प्रतिक्रिया जनाएको छैन। बिस्वालले आफ्नो कामबारे कंग्रेस नेता राहुल गान्धीले ट्विट गरेकोमा खुसी प्रकट गरेका छन्। उनी यसै साताका अन्त्यतिर दिल्ली आइपुग्ने अनुमान गरिएको छ।

# तालिवानद्वारा युद्ध विराम लम्ब्याउने सरकारको आग्रह अस्विकार



काबुल, (एजेन्सी)

अफगान तालिवानले ईदका लागि घोषित ३ दिनको संघर्ष विराम लम्ब्याउन अस्विकार गरेको छ। राष्ट्रपति असरफ गानीले तालिवानसँग संघर्ष बिरामको समयसीमा बढाउने अपिल गरेका थिए। तालिवान प्रवक्ता जबिहुल्लह मुजाहिदले संघर्षबिराम आइतबार रातिबाट समाप्त हुने र सुरक्षाबल विरुद्ध कारबाही शुरू हुने बताएका थिए। तालिवानको संघर्षबिराम बढाउने मनसाय नभएको उनले बताए। उनले सूर्यास्तसँग लडाकूहरूले सरकार नियन्त्रित इलाका छोड्ने अपेक्षा गरेको पनि बताए।

सरकार र तालिवान कट्टरपन्थीले ईदको अवसर पारि ३ दिनको संघर्ष विराम घोषित गरको र यो जुन २० मा समाप्त हुने बताइएको थियो। तालिवान र सुरक्षा बल मिलेर ईद मनाए अफगान तालिवान र अफगान सुरक्षा बलले एक आपसमा ईदको शुभकामना आदानप्रदान गर्दै उक्त पर्व मनाइएको बताइएको छ। उनीहरूबीच अंगालो हाल्दै सुभकामना आदानप्रदान भएको जनाइएको छ।

अफगानिस्तानका राष्ट्रपति असरफ गानीले संघर्ष विरामको समय सीमा बढाएका छन् र तालिवानसँग आफ्नो तर्फबाट पनि संघर्ष विरामको म्याद बढाउन अपील गरेका थिए। सरकारले कयौं तालिवान कट्टरपन्थीलाई जेलबाट रिहा गरेको छ। इस्लाममा पवित्र मानिने रमजान महिनापछि अफगानिस्तानमा तालिबान कट्टरपन्थी र अफगान सैनिकले मिलेर ईद मनाएको र एक अर्कालाई सुभकामना दिएको र सँगैबसेर तस्वीर पनि खिचेका छन्।

दुबै तर्फबाट ईदका क्रममा संघर्ष विराम घोषणापछि यस्तो सम्भव भएको हो। यसैबीच अफगानिस्तानको नानगाहर प्रान्तमा एक आत्मघाती हमलामा २५ जनाको मृत्यु भएको छ। सरकारी अधिकारी र तालिवान कट्टरपन्थी ईद मनाउन भेला भइरहेको स्थानमा उक्त विस्फोट भएको हो। मारिनेमा धेरैजसो तालिबान भएको र कयौं स्थानीय पनि परेको प्रान्तका प्रवक्ता अतुल्लाह खोगयानीले जानकारी दिए।

# सिंगापुर वार्ता सहमतिमा ट्रम्पको नयाँ खुलासा

वासिङटन, (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनसँगको सिंगापुर शिखर वार्तामा दक्षिण कोरियासँगको संयुक्त सैन्य अभ्यास रोक्न किन आफूले सहमति गरेको भन्ने विषयमा खुलासा गरेका छन्।

'वार्ताका क्रममा युद्ध अभ्यासलाई स्थगित गर्ने आग्रह मेरो थियो किनभने तिनीहरू अत्यन्तै महँगो र राम्रो मनसायको वार्ताका लागि खराब पक्ष बनिरहेका थिए।'-ट्रम्पले लेखेका छन्। 'यो अत्यन्तै उत्तेजनात्मक छ। यदि वार्ता भाँडिएमा तत्काल शुरू हुनसक्छ, 'जुन मैले हुन्छ भन्ने अपेक्षा गरेको छुइनँ।'

तर ट्रम्पले उत्तर कोरियासँगको वार्ताले सिंगापुरबाट फर्केपछि आफूले जोडदिइरहेको लाइनसँग द्वन्द्व रोकिन सक्ने बताए गत बुधबार ट्रम्पले प्रष्ट शब्दमा 'उत्तर कोरियाबाट अब कुनै प्रकारको परमाणु खतरा नभएको' ट्विट गरेका थिए। उनले अमेरिकाका लागि राम्रो सुत्न सक्ने नतिजाका सुनिश्चित गरेको बताएका थिए।

तर उत्तर कोरियाको परमाणु खतरा वास्तवमै अन्त्य भएको हो भने वार्ता भाँडिन सक्ने चिन्ता नहुनुपर्ने विश्लेषकहरूले बताएका छन्। उत्तर कोरियाको परमाणु हतियारबाट उत्पन्न समस्या समधान गर्ने प्रयास अहिले मात्र शुरू भएको छ। ट्रम्पको ट्विटले अमेरिकी नागरिकको आँखामा छारो हालेको देखिएको थिंक प्रोग्रेसले जनाएको छ। उत्तर कोरियाले उसको परमाणु क्षमतालाई कायम राखेको छ र किमसँग उसेले हस्ताक्षर गरेको सहमतिमा निशस्त्रीकरण प्रयासको प्रमाणिकरणबारे कुनै उल्लेख नभएको थिंक प्रोग्रेसले जनाएको छ।

शिखर वार्ता लगत्तै जर्ज स्टफानोपोलोस र सिन हानिटीलाई दिएको अन्तरवार्तामा ट्रम्पले किमलाई -अत्यन्तै राम्रो व्यक्तित्व' भएको 'मजबुत ब्यक्ती ' र अत्यन्तै रणनीतिक र धेरै प्रभावशाली भएको प्रशंसा गर्दै विश्वास गर्न सकिने बताएका थिए।

हानिटीसँगको अन्तरवार्तामा ट्रम्पले वास्तवमा परमाणु निशस्त्रीकरणमा लिखित सहमति नभएको तर किमले बचन भन्ने दिएको बताएका थिए। आइतबार पहिलोपटक ट्रम्पले किमसँगको वार्ताको स्थिति खुलासा गर्दै भने- 'इमान्दारितापूर्वक भन्नुपर्दा, उनले ती कुराहरू पुरा गर्न गइरहेका छन् भन्ने मलाई लागेको छ। म गलत पनि हुनसक्छु - ट्रम्पले भने। 'म छ महिनापछि तिमीहरूको समक्ष उभिएको हुनेछु र भन्छु म गलत भएँ।

# नेपोलियनको ऐतिहासिक टोपी लिलाम हुने



पेरिस, (एजेन्सी)

विश्व सम्राट बन्ने सपना देखेका फ्रान्सका योद्धा नेता नेपोलियनको सैनिक टोपी सोमबार राति लिलाम हुने भएको छ। सन् १८१५ को वाटरलु युद्धमा पराजित हुँदा उनले जोगाएको सो टोपी ल्योन शहरमा लिलाम हुन लागेको हो। पूर्वफ्रेन्च शासक नेपोलियन यस दुईकोणीय टोपीका लागि निकै प्रख्यात थिए। वर्षौंदेखि नेपोलियनका युद्धसँग सम्बन्धित ऐतिहासिक वस्तुहरू संकलन गर्ने होडबाजी चल्दै आएको छ। वाटर लुमा नेपोलियनले लगाएको सम्पूर्ण जिउ ढाक्ने रातो लुगा महारानीको हो। सन् १८३७ देखि यो वस्त्र शाही संग्रहमा रहेको छ।

कुर्कुच्चा सम्म पुग्ने एम्ब्रोइडर गरिएको यो लुगा फ्रान्सले युद्ध हारेको राति लगाएका थिए। गठबन्धन फौजले युद्ध जितेपछि यो लुगा उनको बग्गीबाट लुटिएको थियो। सन् १९८६ मा एकजना व्यक्ति विशेषले खरिद गरेको नेपोलियनको टोपी २६ देखि ३५ हजार पाउन्ड सम्ममा लिलाम हुने अनुमान गरिएको छ। यो अहिलेसम्म अस्तित्वमा रहेको नेपोलियनको १९ वटा टोपीमध्ये एक भएको बताइएको छ। आफ्नो जीवन कालमा नेपोलियनले करिब १ सय २० वटा यस्तै टोपी लगाएको बताइन्छ। तर सामान्यतया उनीसंग आफ्नो कार्यकालमा १२ वटा टोपी थिए।

प्रत्येक टोपीको तीन वर्षको आयु रहेको थियो। मानाकोको शाही परिवारसंग संग्रहित नेपोलियनको अर्को टोपी चार वर्षअघि दक्षिण कोरियाका खाद्यान्न र कृषि सम्बन्धी ठूला व्यवसायी हारिमले १९ लाख पाउन्डमा खरिद गरेका थिए।

त्यो टोपी नेपोलियनले सन् १८०० को मारेन्गो युद्धको बेला लगाएका थिए। तर हिजो लिलाम हुन लागेको टोपी सन् २०१४ मा बिक्री भएको टोपीजस्तो दुरुस्त हालतमा नभएको बताइएको छ। वाटरलुको युद्धपछि यो टोपी डच क्याप्टेन ब्यरोन आर्नोट ज्याक्स भान जुइज्लेन भान निजेभेल्टले खरिद गरेका थिए।

यसै गरी गत नाभेम्बरमा नेपोलियनको राज्याभिषेकका लागि तयार गरिएको मुकुटको सुनको पखेटा ६ लाख २५ हजार पाउन्डमा लिलाम भएको थियो। नेपोलियनले सन् १८०४ मा आफूलाई फ्रान्सको सम्राट घोषित गरेका थिए। अन्य युरोपिय शक्तिशाली राष्ट्रहरू विरुद्ध युद्धको शंखनाद गरेका उनी अन्ततः १८१५ मा वाटरलु युद्धमा लज्जास्पद ढंगले पराजित हुन पुगेका थिए। बन्दी अवस्थामा सेन्ट लुइसको टापुमा उनको निधन भएको थियो।